# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषि विकासशाखा
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स.०७७।०७८
च. न. ४६८४

**सुचना नं.१ २०७७।०७८**

प्रथम पटक प्रकाशितमिति २०७७।०५।३१

**विषय : अध्यक्ष पकेट कृषि विकास कार्यक्रममा सुचीकृत हुने सम्वन्धमा ।**

यस कार्यालयको आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक कृषि कार्यक्रम अनुसार कृषि विकास शाखाले अध्यक्ष पकेट कृषि विकास कार्यक्रम संचालन गर्ने भएको हुँदा ईच्छुक कृषक समुह /कृषि सहकारी /कृषि उद्यमीहरुले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र ( मिति २०७७।०६।१४ गते) तपशिलका आवश्यक कागजातहरु संलग्न राखी कार्यक्रम संचालन गर्नका लागि कार्यालयको कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ । साथै म्याद नाघी आएका र रीत नपुगेका निवेदनउपर कुनै कारबाही नहुने व्यहोरा अनुरोध छ ।

तपशिल:

| क.सं. | कार्यक्रम विवरण | लक्ष्य | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १ | अध्यक्ष पकेट कृषि विकास कार्यक्रम | ७ | १ समुह / सहकारीको हकमा दर्ता प्रमाणपत्र ,सामुहिक निर्णय ,र लालपुर्जाको प्रतिलिपि (न्यूनतम १ हेक्टर वा ३० कट्ठा )१/१ थान ,<br>२ कृषि उद्यमीको हकमा फर्म दर्ता र लालपुर्जाको प्रतिलिपि १/१ थान ,<br>३ सम्वन्धित वडा कार्यालयको सिफारिस,<br>४ उक्त कामका लागि खटाइएको व्यक्तिलाई संस्थाले दिएको अख्तियारी पत्र ,<br>५. समुह वा सँस्थाको वार्षिक कार्ययोजना ,<br>६ कार्यक्रम का लागि सुचीकृत हुन पाउँ भन्ने निवेदन पत्र । |

**नोट :**

१.जमीन चाक्लावन्दी गरेकोलाई प्राथमिकता दिइनेछ ,

२.विगतका व्यावसायिक खेती गरिरहेका कृषकहरुलाई प्राथमिकता दिइनेछ ।

३. वडा नं. २ र ६ मा गत आ.व. देखिनै संचालनमा रहेको हुँदा यस वर्ष बाकी ५ वटा वडाहरुका लागि सुचिकृत हुन आह्वान गरिन्छ ।

यस सम्वन्धमा थप जानकारी लिनु परेमा कमल गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

वोधार्थ :

श्री सूचना प्रविधि शाखा :-कार्यालयको website माupload गर्नुहुन ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ र सक्षम निजामति प्रशासनःविकास, समृद्धिरसुशासन"

"समृद्ध कमल हाम्रो सरोकार"

ईमेलः info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं.०२३-४७५०८१